NEPAL ELECTRONIC PAYMENT SYSTEMS LTD.

# प्रेष विज्ञप्ति

कार्तिक २३, २०८०

## नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडको १० औ वार्षिक साधारण सभा सम्पन्न

नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडको दशौं वार्षिक साधारण सभा मिति २०८० साल कार्तिक २३ गते बिहिबार (तदनुसार ९ नोवेम्बर २०२३) का दिन अपरान्ह ४ बजे हात्तिसार स्थित अरण्य बुटिक होटलमा संचालक समितिका अध्यक्ष श्री विश्वम्भर न्यौपानेज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। आर्थिक बर्ष २०७९/८० को संचालक समितिको बार्षिक प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदनसहितको २०८० अषाढ मसान्तको वासलात र मिति २०७९/०४/१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रबाह विवरण लगायत वित्तीयविवरणहरु छलफल पश्चात सभाले पारित गरेको छ। आर्थिक बर्ष २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभाले पारित गरेको छ। संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको २०% बोनश शेयर र कर प्रयोजनको निम्ति १.०५३ % नगद लाभांश स्वीकृत गर्ने प्रस्ताव साधारण सभाले पारित गरेको छ। संचालक समितिले प्रिमियममा शेयर जारी गर्न पेश गरको प्रस्ताव स्वीकृत गर्ने र सो-सम्बन्धि आवश्यक अन्य प्रक्रियाहरु अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाले पारित गरेको छ। साथै नेप्स र अन्य उपयुक्त संस्था एक आपसमा गाभ्न/गाभिन वा प्राप्ति गर्न उपयुक्त देखिएमा, संस्थाको चल अचल सम्पति र दावित्व तथा कारोवारको मुल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धित आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाले पारित गरेको छ।

त्यसैगरि, आर्थिक बर्ष २०७९/८० मा विभिन्न सदस्य बैंक तथा वित्तीय संस्थाका ४४ लाख ग्राहक महानुभावहरुलाई प्रत्यक्ष वित्तीय सेवा प्रवाह गर्दै करिव ४ खर्ब ९५ अर्ब रूपैयाँ आफ्नो प्रणाली मार्फत प्रशोधन गर्न कम्पनी सफल भएको छ।

साथै, समिक्षा आर्थिक बर्ष २०७९/८० मा गत आर्थिक बर्ष २०७८/७९ को तुलनामा ४.२८ % ले प्रत्यक्ष आम्दानी रकममा बृद्दी गर्दै कुल रकम रु २३,०८,६०,३२७ (तेइस करोड आठ लाख साठि हजार तिन सय सत्ताइस रुपैयाँ) को कारोबार तथा प्रचलित आयकर व्यवस्था अगाडी रु ८,०६,५९,८९० (आठ करोड छ लाख उनन्साठी हजार आठ सय नब्बे रुपैयाँ) मुनाफा आर्जन गर्न सफल भएको छ।

बैंक तथा बित्तिय सस्थाहरुका लागि विद्युतीय भुक्तानी सेवा प्रदान गर्ने साझा प्लेटफर्मको रुपमा रहेको यस कम्पनीले देशव्यापीरुपमा १,६४५ एटिएम र ९,१४२ POS मार्फत विभिन्न बैंक तथा वित्तीय संस्थाका करिब ४४ लाख ग्राहक महानुभावहरुलाई प्रत्यक्ष वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ।